अनुसूची-१

**सूचना**

# भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

## नेपाल सरकारको निर्णय बमोजिम यस पूर्व गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए वा बाँकी काम भए सोको विवरण भरी निवेदन पेस गर्ने ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०७७।११।१०**

नेपाल सरकारले प्रचलित कानून बमोजिम भूमि सम्बन्धी समस्या समाधान गठन आदेश, २०७६ जारी हुनु पूर्व गठन गरेका विभिन्न आयोग/कार्यदल/समिति (मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम गठन भएका जग्गा दर्ता समिति बाहेक) बाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित यस आयोगबाट जारी भएको **"अधुरा कार्य सम्पादन कार्यविधि, २०७७" को अनुसूची-२ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्लाको जिल्ला समिति (जिल्ला समन्वय समितिको कार्यालयमा रहेको) को कार्यालयमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र** निवेदन पेस गर्नुहुन भूमि सम्बन्धी (अठारौं संशोधन समेत) नियमहरू, २०२१ को नियम ४१ न (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित व्यक्तिले पेस गर्नुपर्ने निवेदनको ढाँचा यस आयोगको वेबसाइट **www.lirc.gov.np** बाट डाउन लोड गरी वा आयोगको जिल्ला समितिको कार्यालय वा सम्बन्धित स्थानीय तहबाट निःशुल्क प्राप्त गर्न सकिनेछ। आयोगको सम्बन्धित जिल्ला समिति र सबै स्थानीय तहबाट सेवाग्राहीलाई निःशुल्क रूपमा फाराम उपलब्ध गराई दिनुहुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ।